नरैनापुर गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७८/०७९
च.नं. :-

मिति :- २०७८/०४/२५

## होमस्टे संचालन अनुदान सम्बन्धी सूचना !

यस गाउँपालिकाको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार गाउँपालिका भित्र होमस्टे संचालन गर्न चाहने गाउँपालिका भित्रका युवाहरुलाई नगद तथा वस्तुगत अनुदान सहयोग कार्यक्रम रहेको हुँदा इच्छुक युवाहरुलाई उक्त प्रयोजनका लागि यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयको कृषि शाखामा निवेदन पेश गर्नुहुन सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(दल बहादुर बस्नेत)
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः- निवेदनको ढाँचा र होमस्टे संचालन सम्बन्धी आधारभूत मापदण्ड यसै साथ संलग्न छ ।*

narainapur.rm073@gmail.com | www.narainapurmun.gov.np

अनुसूची – १

(दफा ४ को उपदफा (१) संग सम्बन्धित)

## होम स्टे दर्ताका लागि दिइने निवेदन

श्री नरैनापुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नरैनापुर, बाँके ।

म/हामीहरुले ..... वडा नं. .........टोल/गाउँ .............................मा संचालन गर्न लागेको ............................. होम स्टेलाई होम स्टे संचालन कार्यविधि, २०७८ बमोजिम सामुदायिक/निजी होम स्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौ।

होम स्टे संचालन कार्यविधि निर्देशिका, २०७८ को अधिनमा रही आफ्नो होम स्टे संचालन गर्नेछौं।

<u>संलग्न कागजात:</u>

१. होम स्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।
२. होम स्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरनामा तथा भाडामा लिएको भए सो को संझौताको प्रतिलिपि वा स्थायीरुपमा बसोबास गरेको भनि वडा कार्यालयको सिफारिस।
३. प्रत्येक घरधनीले होम स्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होम स्टे व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी ।
४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय।
५. सम्बन्धित वडाको सिफारिस ।
६. प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपि ।
७. होम स्टे संचालन सम्बन्धि विनियम ।

**होम स्टे (दर्ता हुने व्यक्तिहरुको) विवरण ।**

| क्र.स. | संचालकको नामथर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |

नोटः सामुदायिक होम स्टेको हकमा होम स्टे व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्नेछ ।

निवेदकको नामथरः ........................
ठेगानाः.......................
मितिः......................
सम्पर्क नं. : ..........................

# अनुसूची-२

## (दफा ४ को उपदफा (२) र दफा ५ को उपदफा (२) संग सम्बन्धित)

## होम स्टे संचालनका आधारभूत मापदण्ड

१. होम स्टेका लागि घर, कोठा र बिस्तारा:

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्किने र हावा हुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफा सुग्घर हुनु पर्नेछ ।

(ख) होम स्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनु पर्नेछ ।

(ग) होम स्टे संचालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(घ) एउटा कोठामा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्नेछ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनु पर्नेछ ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनु पर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनु पर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनु पर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडि पट्टि लुगा झुण्ड्याउने व्यवस्था भएको हुनु पर्नेछ ।

(झ) कोठामा विजुली बत्ती का अतिरिक्त वैकल्पिक उर्जा समेतको व्यवस्था हुनु पर्नेछ ।

(ञ) सुत्नेकोठामा धुवाँ आउने हुनु हुदैन । भान्सा कोठा र भत्र्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनु हुदैन।

(ट) सुत्ने कोठामा धार्मिक, सास्कृतिक परम्परा, जैविक विविधता झल्कने खालका तस्विरहरु राख्नु पर्नेछ ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनु पर्नेछ ।

(ड) प्रत्येक पाहुनाका लागि एकजोर चप्पलको व्यवस्था हुनु पर्नेछ ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनु पर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेवल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होम स्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ ।

(द) पर्यटकले पालना गर्नु पर्ने अनुसूची-४ बमोजिमका आचार संहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नु पर्नेछ र सो आचार संहिताको वारेमा पाहुनालाई शुरुमै जानकारी दिनु पर्नेछ ।

(ध) मेनुमा उल्लेख भए बाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन ।

२. शौचालय र स्नान घरः

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्नेछ ।

(ख) होम स्टे संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नान घरको व्यवश्था मिलाउनु पर्नेछ ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, सावुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनु पर्नेछ ।

३. भान्छा कोठा र खाना खाने व्यवस्थाः

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैसी अथवा भेडा बाख्रा, सुगुँर, कुखुरा आदि वाध्न वा पाल्न पाइने छैन ।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो) भएको हुनु पर्नेछ ।

(ग) पानीको सुविधा मिलाउनु पर्ने र खाने पानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रवन्ध हुनु पर्नेछ।

(ङ) सानो डाइनिङ्ग टेवलको पनि प्रवन्ध भए राम्रो हुनेछ ।

(च) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरिएको मेनु भएको हुनु पर्नेछ ।

४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः

(क) वास वस्ने कोठा तथा सुत्ने विस्तारामा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनु पर्नेछ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल नभएको हुनु पर्नेछ।

(ग) वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र बृक्षारोपण गरी हरियाली हुनु पर्नेछ ।

(घ) पर्यटककालागि सेनेटरि प्याड र सोको व्यवस्थापन गर्ने ठाउँ भएको हुनुपर्नेछ ।